बूढानीलकण्ठ नगरपालिका

बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ०१ संख्याः ०८ मितिः २०७५/०३/२५

भाग-२

## फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

बूढानीलकण्ठ नगरपालिका,
गोल्फुटार, काठमाडौं
३ नं. प्रदेश

बूढानीलकण्ठ नगरपालिका

बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ०१ संख्याः ०८ मितिः २०७५/०३/२५

नेपालको संविधान, २०७२ को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बूढानीलकण्ठ नगरपालिकाकार्यले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

भाग-२

## फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः**

फोहरमैलालाई स्रोतमा नै न्यूनीकरण तथा पुनःप्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ, स्वस्थ तथा हराभरा वातावरण कायम गर्नका लागि फोहरमैला व्यवस्थापन जस्तो अत्यन्त जरुरी सेवा सम्बन्धी विषयलाई कार्यविधि बनाई कार्यान्वयन गर्न वाञ्छनीय देखिएकोले नेपालको संविधानको भाग १७ धारा २१४ बमोजिम बूढानीलकण्ठ नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद -१
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः**

यस कार्यविधि को नाम "बूढानीलकण्ठ नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०७५" रहने छ र यो कार्यविधि नगरकार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

## २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएका प्राविधिक शब्दावलीहरूको परिभाषा निम्न अनुसार हुनेछ ।

क. "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरू लगायतका पदार्थ वा त्यस्तैप्रकारका अन्य वस्तुहरू वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

ख. "औद्योगिक फोहरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदूषणयुक्त फोहरमैला सम्झनु पर्छ ।

ग. "हानिकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु सम्झनु पर्छ ।

घ. "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

ङ. "रासायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्यबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरू वा समय समयमानेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेका ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

च. "न्यूनीकरण" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

छ. "निष्काशन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट नगरपालिकाले तोकेकोबाट स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।



ज. "सङ्कलन केन्द्र" भन्नाले घरबाट निस्कने फोहरमैला सङ्कलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न नगरपालिकाले तोकेको स्थान सम्झनु पर्छ ।

झ. "कण्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैलाथुपार्ने भाँडो, बाकस, बाल्टीन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ ।

ञ. "ढुवानी" भन्नाले सङ्कलित फोहरमैलाउत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा स्थानीय निकायले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ ।

ट. "स्थानान्तरण केन्द्र" भन्नाले सङ्कलित फोहरमैला विसर्जन गर्न फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) मा लैजानु अघि फोहरमैला सङ्कलनको लागि नगरपालिकाले तोकेको स्थान सम्झनु पर्छ ।

ठ. प्रशोधन" भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै "प्रशोधन" उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रियासम्झनु पर्छ ।

ड. "प्रशोधन स्थल" भन्नाले फोहरमैलालाई प्रशोधन गरी मल,ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ ।

ढ. "पुनःचक्रीय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहरमैलालाइ कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनःप्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ ।

ण. "विसर्जन" भन्नाले फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

त. "फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट)" भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि नगरपालिकाले तोकेको स्थल सम्झनु पर्छ ।

थ. "बन्द पश्चात व्यवस्थापन (पोस्ट क्लोजर म्यानेजमेण्ट)" भन्नाले फोहरमैला व्यवस्थापन स्थलमा फोहरमैला विसर्जन गर्न बन्द गरे पश्चात सो क्षेत्रको सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्झनु पर्छ ।

द. "प्रदूषण" फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट

वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रांस ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

ध. "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागिता मूलक उपभोक्ता समूह सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ ।

३. नगर क्षेत्र भित्रको फोहरमैला व्यवस्थापनको सम्पुर्ण प्रबन्ध गर्ने जिम्मेवारी यस बूढानीलकण्ठ नगरपालिकाको हुनेछ । जस अर्न्तगत: फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र, ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायोग्यास प्लाण्ट लगायत फोहरमैलाको सङ्कलन देखि अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ । सो कार्यको लागि नगरपालिकाले निजि क्षेत्र सँग समन्वय गर्नेछ ।

४. फोहरमैला व्यवस्थापन गर्ने दायित्व सम्पुर्ण रुपमा नगरपालिकामो भएता पनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको नै हुनेछ । यदि त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायले अनुरोध गरेमा उनीहरूले आवश्यक प्रशोधन गरी बाँकी रहेको सामान्य फोहरमैला नगरपालिकाले निर्धारित सेवा शुल्क लिई व्यवस्थापन गर्न सहयोग गर्नेछ ।

## परिच्छेद –२

## फोहरमैला उत्पादन, सक्तलन, न्यूनीकरण तथा निष्काशन सम्बन्धी व्यवस्था

**५. फोहरमैलाको उत्पादन कम गर्ने वा न्यूनीकरण गर्ने**

(१) कुनै पनि घर, संस्था वा निकायले कुनै काम कारोबार गर्दा निस्कने फोहोरमैलाको परिमाण यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी रहेको फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ । आफ्नो



क्षेत्र भन्नाले घर, निजि तथा सार्वजनिक संस्था, उद्योग लगाएत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

**६. फोहरमैलाको वर्गीकरण**

(१) फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले फोहरमैलालाई कम्तीमा जैविक, अजैविक र हानिकारक गरी ३ प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोकीनेछ ।त्यसको लागि नगरपालिकाले निजि क्षेत्र सँगको समन्वयमा एएए को अवधारणा अनुसार सचेतना अभिवृद्दि तालिम तथा फरक फरक रङ्गका डष्टविन प्रदान गर्नेछ ।

(२) माथिको (१) बमोजिम नगरपालिकाले तोकिदिए बमोजिम फोहरमैलालाई स्रोतमै छुट्याइ सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ । सङ्कलन केन्द नगरपालिकाले तोकेबमोजिम हुनेछ, घरमै वा टोलको निश्चित ठाउँ तोकिनेछ । यसको लागि नगरपालिकाले निजि क्षेत्र सँगको समन्वयमा आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउनेछ ।

**७. फोहरमैलाको निष्काशनको समय, स्थान र तरिका तोक्ने**

(१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यत्ति संस्था वा निकायले त्यस्तो फोहरमैला नगरपालिकाले तोके बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।हानिकारक वा रासायनिक फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

**८. फोहरमैला सक्तलनको लागि स्थान, समय र तरिका तोक्ने**

(१) फोहरमैला सङ्कलन केन्दमा फोहरमैला निष्काशन पश्चात त्यसको सङ्कलन गर्ने समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नगरपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न हरेक घरमा कम्तीमा दुई रङ्गका डष्टविन तथा प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी टोलमा नै जैविकलाई कम्पोष्टिङ गर्ने र अजैविकलाई सङ्कलन गर्ने तथा सो सम्भव नभए आवश्यक कण्टेनरको व्यवस्था गर्ने प्रबन्ध मिलाउने छ । यसको प्रभावकारी कार्यान्वयनका लागि छुट्टै प्राविधिक सहयोग र परामर्श लिन सक्नेछ ।

(३) यसरी (२) बमोजिम सङ्कलन केन्द्र तोक्दा सकेसम्म घर घरमै सङ्कलन गर्ने र

सम्भव नभए यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोकीनेछ ।

**९. फोहरमैलाको ढुवानी**

(१) सङ्कलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने जिम्मेवारी नगरपालिका वा नगरपालिकाले तोकेको संस्थाको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा नगरपालिकाले तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने नकरात्मक प्रभाव समेतलाई विचार गरीतोकीनेछ ।

(३) फोहरमैला ढुवानी गर्दा नगरपालिकाले दफा ६ बमोजिम स्रोतमा नै छुट्याई निष्काशन तथा सङ्कलन गरिएको फोहरमैलाको अलग अलग ढुवानी गर्नु पर्नेछ ।

**१०. फोहरमैलाको पुनःप्रयोग तथा पुनःचक्रण**

(१) विशेष गरी अजैविक फोहोरलाई सङ्कलन पश्चात पनि सम्भव भए सम्म पुनःप्रयोग र पुनःचक्रण गरिनेछ । पुनःप्रयोग र पुनःचक्रण गर्न सकिने फोहरमैलालाई सङ्कलन केन्द्रमा जम्मा गरी त्यहाँबाट सम्बन्धीत उद्योगहरूलाई बेच्न सक्नेछ ।

(२) उद्योगहरूले उत्पादन प्याकिङ गर्न प्रयोग गरेका अजैविक वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाण घटाउनेकाममा प्रोत्साहन गर्न सम्बन्धित उद्योग तथा व्यवसायी सँग नगरपालिकाले समन्वय गर्नेछ ।

(३) नगरपालिकाले फोहरमैलाको पुनःप्रयोग पुनःचक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि छुट्टै प्राविधिक सहयोग र परामर्श लिन सक्नेछ ।

## परिच्छेद –३

## फोहरमैला व्यवस्थापनस्थल सम्बन्धी व्यवस्था

**११. फोहरमैला व्यवस्थापन स्थल**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि कम्पोष्टिङ गर्ने, पुनःप्रयोग तथा पुनःचक्रण



गर्ने र बाँकी फोहरको व्यवस्थापन गर्न वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही वातावरणीय प्रावधानहरू पुरा गरेर फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) निर्माण गरी सञ्चालनमा ल्याउनेछ ।

(२) नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थलको निर्माण, सञ्चालन तथा बन्द पश्चात व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अर्थात प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सिफारिस गरिएका सुझावहरू अनुरुप गर्नु पर्नेछ ।

(३) फोहरमैला व्यवस्थापन स्थलको लागि नगरपालिकाले आफ्नो जग्गा नभए प्रक्रिया अनुसार भाडामा लिन सक्नेछ ।

(४) दुई वा सोभन्दा भन्दा बढी स्थानीय तहलाई एउटै फोहरमैला व्यवस्थापन स्थल उपयुक्त हुने भएमा त्यस्ता स्थानीय तह बीच समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तह हरूको लिखित सहमति र शर्तमा सम्बन्धीत मन्त्रालयलको स्वीकृतिमा फोहरमैला व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(५) नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

## परिच्छेद –४

## फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

**१२. फोहरमैला व्यवस्थापन गर्न अनुमति सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन पाउने छैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहने कुनै पनि स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा प्रस्ताव सहित निवेदन दिनु पर्नेछ ।

क. फोहरमैला व्यवस्थापन सम्बन्धी योजना

ख. फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण

ग. दर्ता, नविकरण, कर चुक्ता प्रमाण पत्र तथा तोकिए बमोजिमको अन्य विवरणहरू

देहाय बमोजिम पर्न आएको निवेदन उपरनगरपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिनेछ ।

(३) फोहरमैलाको व्यवस्थापन, पुनःचक्रीय प्रयोग, प्रशोधन र विर्सजनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई नगरपालिकाले माथिको (२) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(४) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१३. **फोहरमैला व्यवस्थापनको काम निजी क्षेत्रबाट गराउने**

(१) नगरपालिकालेआवश्यकता अनुसार दफा १२ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १४ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो नगरक्षेत्रको फोहरमैला व्यवस्थापन गराउनेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनी तथा सामुदायिक एवं गैरसरकारी संघ, संस्थाहरूले देहायका कुनै काम गर्न पाउनेछन ।

क. फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि

ख. फोहरमैला सङ्कलन

ग. फोहरमैला ढुवानी

घ. फोहरमैलाको प्रयोग, पुनःप्रयोग, पुनःचक्रीय प्रयोग वा प्रशोधन

ङ. फोहरमैला विसर्जन

च. फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चातको व्यवस्थापन नगरपालिकाले फोहरमैला व्यवस्थापनका लागि निजि क्षेत्रसँग मिलेर पब्लीक पार्टनरसिपमा कम्पनी बनाउन सक्नेछ ।

१४. **प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने**

(१) नगरपालिकाले दफा १३ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धाबाट व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनेछ ।



(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहाएका आधारमा गर्नेछ ।

क. नगरपालिकालाइ बुझाउन कबुल गरेको रकम

ख. फोहरमैलाबाट प्राङ्गारिक मल उत्पादन गर्ने वा ऊर्जा शक्ति उत्पादन गर्न क्षमता, पँ"जी, प्रविधि र जनशक्तिको क्षमता अवस्था

ग. आर्थिक तथा प्राविधिक क्षमता

घ. फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण

ङ. व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क

च. फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनःप्रयोग गर्ने सम्बन्धमा भए नगरपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौताको अधीनमा रही दफा १७ बमोजिमको शुल्क उठाउन सक्नेछ ।

(५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य व्यवस्थाहरू नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

१५. **फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने**

(१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दातोकिएको वातावरणीय मापदण्डको पालना भए वानभएको अनुगमन नगरपालिकाले गर्नेछ । अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेका नपाइएमा आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिने र सो समयवधिमा पनि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति नगरपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

१६. **सार्वजनिक साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने**

(१) नगरपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं

गैरसरकारी संघ, संस्था सँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ। सो को लागि नगरपालिकाले अलगैं मापदण्ड तयार गरि कार्यान्वयनमा ल्याउने छ।

(२) उपदफा (१) मा उल्लेख भए अनुसार सामुदायिक एवं गैरसरकारी संघ,संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला सङ्कलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन तथा बन्द पश्चात व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्यहरू हुने छन्।

## परिच्छेद -५
## फोहरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था

**१७. सेवा शुल्क उठाउने सम्बन्धमा**

(१) नगपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउनेछ।

(२) उपदफा (१)बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरूको आधारमा नगपालिकाले गर्नेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धित नगरपालिका आँफैले वा नगरपालिकाले तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि दफा १४ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिका सँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउनेछ।

तर नगपालिकाले तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिन सक्नेछ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ।



**१८. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने**

(१) नगरपालिकाले दफा १७ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको दफा १४ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नु पर्नेछ। तर सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

## परिच्छेद -६
## कसूर तथा सजाय

**१९. कसूरः**

कसैले देहायको कुनै काम गरेमा यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछ।

क. नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने, गरेमा,

ख. कण्टेनर वा फोहरमैल कण्टेनर सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने, गरेमा,

ग. फोहरमैला सङ्कलन केन्द्रमा राखिएकोडष्टविन तथा कण्टेनर तोडफोड गर्ने, क्षति पुर्‍याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउने गर्ने,गरेमा,

घ. यस कार्यविधि बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने, गरेमा,

ङ. यस कार्यविधि बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरू उल्लङ्घन गरेमा,

च. फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्नेगरेमा,

छ. घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने गरेमा,

ज. फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गरेमा,

झ. सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न नगरपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउन इन्कार गरेमा,

ञ. नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गरेमा,

ट. रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

ठ. औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

ड. फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने, गरेमा,

ढ. फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने, गरेमा,

ण. फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने, गरेमा,

त. रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेका (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

थ. स्रोतमै फोहरमैलाको पृथकीकरण नगरी दफा ६ को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

द. मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कल्ला आदि तथा माछाको कल्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

ध. खुल्ला क्षेत्रमा मानिस वा अन्य आफ्नो घरपालुवा कुकुर, जन्तु, पशु वाट फोहर गर्ने गरेमा,

न. आफ्नो घर वाट निस्किने फोहर वस्तु, ढल, पानी, उच्च आवाज, असामाजिक कार्यहरू गर्ने गरेमा,



प. नगरको सफाई, सुन्दरता, हरियाली र वातावरण खल्बल्याउने कुनै पनि कार्य गर्ने गरेमा,

फ. कारखानाबाट निस्किने ध्वनी प्रदुषण, दुर्गन्ध, गैर सामाजि कार्य गर्ने गरेमा,

ब. आफ्नो घरको कुनै काम नलाग्ने वस्तु फोहोर वस्तु सार्वजनिक स्थल, खोला, सडक छेउ, फाल्ने कार्य गर्ने गरेमा,

भ. नगरपालिकाले जारी गरेको र ऐन कानुनले निषेध गरेको कुनै कार्य गर्न गैरकानुनी ठहर्नेछ।

## २०. सजाय

(१) दफा १९ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च निजबाट असूल उपर गर्न सक्नेछ।

(२) दफा १९ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच सय रुपैयादेखि पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(३) दफा १९ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ।

(४) दफा १९ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ।

(५) दफा १९ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ।

(६) दफा १९ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(७) दफा १९ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(८) दफा १९ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई

नगरपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो कसूर गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा १९ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई नगरप्रमुखले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी सँगको सहमतीमा दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनदेखि तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१०) दफा १९ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई नगरप्रमुखले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी सँगको सहमतीमा पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(११) दफा १९ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

**२१. सेवा सुविधा रोक्का गर्न सकिने**

(१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

## परिच्छेद –७
## प्रदूषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था

**२२. प्रदूषण नियन्त्रण**

(१) आफ्नो नगर क्षेत्रभित्र सङ्कलित फोहरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल



वातावरणीय प्रभावलाई यथाशक्य कम गरी प्रदूषण रहित ढङ्गले व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(२) नगरपालिकाले प्रदूषण रहित ढङ्गले फोहरमैला व्यवस्थापन गर्ने प्रयोजनका लागि सम्बन्धीतविज्ञबाट आवश्यक प्राविधिक सहयोग लिन सक्नेछ ।

(३) नगरपालिकाले सङ्कलित फोहरमैला निष्काशन तथा व्यवस्थापन गर्दा यस कार्यविधि बमोजिम निर्धारित मापदण्डको पालना गर्नु पर्नेछ ।

**२३. फोहरमैला व्यवस्थापनको अनुगमन**

(१) नगरपालिकाले फोहरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्ने वा गराउने छ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्ने वा गराउने प्रयोजनका लागि नगरपालिकाले आवश्यक कार्ययोजना बनाई लाग" गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात सोको प्रतिबेदन नगरपालिकाको सम्बन्धित साखामा दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरूको सुधार तथा कार्यान्वयन गर्ने सम्बन्धमा नगरपालिकाले आवश्यक व्यवस्था गर्नेछ ।

(५) नगरपालिकाले फोहरमैला व्यवस्थापनको अनुगमन सम्बन्धी कार्यमा प्राविधिक सहयोगको लागि सम्बन्धीत विज्ञ को सहयोग लिन सक्नेछ ।

**२४. फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्था**

(१) नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रकोलागि आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाइ सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

## परिच्छेद –८
## फोहरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**२५. समितिको स्थापना**

(१) फोहरमैला व्यवस्थापनका कार्यलाइ प्रभावकारी बनाउनको लागि र नगरपालिकालाई प्राविधिक तथा व्यवस्थापकीय सहयोग पुऱ्याउन तथा तत्सम्बन्धी

विषयमा अध्ययन तथा अनुसन्धान गर्न फोहरमैला व्यवस्थापन समितिको गठन गरिनेछ ।

**२६. समितिको गठन**

(१) दफा २५ बमोजिमको कार्य गर्न देहाय बमोजिमको एक समिति गठन हुनेछ ।

क. नगर प्रमुखले वा कार्यपालिकालेतोकेको एक जना संयोजक

ख. नगर प्रमुखले तोकेको नगरकार्यपालिका सदस्य एक जना सदस्य

ग. संयोजकलेतोकेको स्थानीय बुद्धिजिवि एक जना सदस्य

घ. समितिले मनोनित गरेको सम्बधित विशेषज्ञ एक जना सदस्य

ङ. महिला सदस्य २ जना सदस्य

च. प्रमुख, सरसफाई तथा वातावरण सुधार शाखा (वातावरण इन्जिनियर) सदस्य सचिव

**२७. समितिको काम, कर्तव्य र अधिकार**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क. यस कार्यविधि बमोजिम हुने सम्पुर्ण क्रियाकलापहरूको व्यवस्थापन, निर्देशन, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन गर्न प्रमुख भुमिका निर्वाह गर्ने ।

ख. फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छता सम्वन्धमा आवश्यक अध्ययन तथा अनुसन्धान गराउने तथा नियम तथा तथा मापदण्डहरू सिफारिस गर्ने ।

ग. फोहोरमैला व्यवस्थापनका क्रममा उत्पन्न विवादहरूको समाधान गर्ने ।

घ. फोहोरमैला व्यवस्थापनका नविनतम प्रविधि तथा लगानी भित्र्याउन प्रदेश तथा संघीय सरकार र गैरसरकारी सँस्थाहरूसँग पैरवी र समन्वय गर्ने ।

ङ. यस कार्यविधिमा भएका प्रावधानहरूको व्याख्या गर्ने ।

च. फोहरमैला व्यवस्थापन सम्बन्धी राय सुझाव, निति कार्यक्रम, कार्यान्वयनको बारेमा नगर कार्यपालिकालाई सहयोग र शिफारिस गर्ने ।

**२८. वडा फोहरमैला व्यवस्थापन समिती:**

बूढानीलकण्ठ नगरपालिकाको प्रत्यक वडामा फोहरमैला व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न एक वडा स्तरिय फोहरमैला व्यवस्थापन समिति रहने छ। उक्त समिती देहाय बमोजिम गठन हुनेछ ।



क) वडा अध्यक्ष वा निजले तोकेको एक जना - संयोजक

ख) वडा समितिले तोकेको वडा सदस्य एक जना - सदस्य

ग) उपोभोक्ता मध्यबाट वडा समितिले मनोनयन गरेको सम्बन्धित विषय बिज्ञ - सदस्य

घ) संयोजकले तोकेको स्थानीय बुद्धिजिवी - सदस्य

ङ) वडा सचिव - सदस्य सचिव

**२९. वडा फोहरमैला व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार:**

क) वडाको फोहरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छता कायम राख्ने ।

ख) आ(आप्नो घर अगाडीको फोहरमैला आ(आफुले संकलन गर्न अभिप्रेरित गरी फोहर ढुवानीलाई जिम्मा दिने व्यवस्था मिलाउने ।

ग) वडाबाट फोहरमैला उठाउने टोलको आधारभूत समय तालिका मिलाउने ।

घ) नगर फोहरमैला समिती संग समन्वय गरी अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद -९
## विविध

**३०. स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन सम्बन्धी व्यवस्था**

(१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने नगरपालिकाले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको एकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

**३१. औद्योगिक, कृषिजन्य तथा रासायनिक विषादीजन्य फोहरमैलाको व्यवस्थापन सम्बन्धी व्यवस्था**

(१) औद्योगिक पदार्थ तथा रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको औद्योगिक पदार्थ तथा रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

**३२. ढल तथा तरल फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था**

(१) काठमाडौं महानगरपालिका तथा अन्य छिमेकी नगरपालिकाहरू सँग समन्वय गरी ढल व्यवस्थापनको सञ्जाल बढाउने तथा त्यस सम्बन्धी दीर्घकालीन योजना अघि बढाउने ।

(२) ढल तथा तरल फोहोरर्मलाइ प्रसोधन गरेर मात्र पानीको स्रोतमा मिसाउन आवश्यक पुर्वाधार निर्माणलाइ प्राथमिकतामा राख्ने

(३) सम्भव भए सम्म ढल किनारमा उपयुक्त प्रजातिका विरुवा रोप्ने निति अवलम्वन गरिनेछ ।

**३३. रोड तथा सार्वजनिक स्थानको फोहोर व्यवस्थापन सम्बन्धी व्यवस्था**

(१) रोड तथा सार्वजनिक स्थानको फोहोर व्यवस्थापनको जिम्मेवारी नगरपालिकाको हुनेछ ।

तर नगरपालिका सँग कुनै प्रकारले भाडामा लिइएका सार्वजनिक स्थानको फोहोर सम्बन्धीत व्यत्ति वा निकायले नै गर्नु पर्नेछ ।

(२) तर जो कसैले पनि सार्वजनिक स्थानमा दफा १९ अनुसारको कुनै कसुर गरेमा दफा २) अनुसारको सोही सजाय गरिनेछ ।

(३) सार्वजनिक स्थलहरू लाइ सफा राखी हरियाली प्रवद्वनमा जोड दिइनेछ ।

**३४. प्लाष्टीक झोलामुक्त क्षेत्र बनाउने सम्बन्धी योजना**

(१) नगरपालिकालाइ यथासक्य छिटो प्लाष्टीक झोलामुक्त क्षेत्र बनाउन आवश्यक पहलकदमी चालिने छ ।

(२) प्लाष्टीक झोलालाइ विस्थापित गर्न वातावरणमैत्री झोला उत्पादन कार्यलाइ प्रोत्साहन दिइनेछ ।

**३५. जनसहभागिता तथा टोलसुधार समितिको भुमिका र दायित्व सम्बन्धी व्यवस्था**

(१) यस कार्यविधिको कुनै पनि दफामा कुनै प्रावधान रहेता पनि फोहरमैला व्यवस्थापन कार्यमा जनसहभातिगाको महत्वपुर्ण भुमिका र अपरिहार्यता रहनेछ ।

(२) जनसहभातिगाको सुनिश्चितताको लागि वडा तथा टोल तहमा जनचेतना अभिवृद्विमुलक, प्रचारात्मक र व्यवहार परिवर्तनका कार्यक्रम तथा कियाकलापहरू सञ्चालन गरिनेछ ।

(३) टोलसुधार समितिको भुमिकालाइउच्च प्राथमिकतामा राख्दै कानुन सम्वत तरिकाले नगरपालिकामा दर्ता भएका टोलसुधार समितिलाई टोल तहमा हुने



व्यवस्थापन कार्य तथा जनचेतना अभिवृद्विमुलक कार्यमा सम्मानजनक स्थान र सहभागिता गराइनेछ ।

(४) कुनै वडा कार्यालत तथा टोल सुधार समितिलेआफ्नो वडा,टोलको फोहर आँफै व्यवस्थापन गर्ने प्रस्तावना ल्याएमा नगरपालिकाले आवश्यक प्रकिया पुऱ्याइ स्वीकृती दिनेछ ।

**३६. फोहरमैला व्यवस्थापनमा संलग्न निजि, सामुदायिक क्षेत्रको नगरपालिकाले अभिलेख राख्ने**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक क्षेत्रको अद्यावधिक विवरण राख्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्तो क्षेत्रले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा नगरपालिकाले तोकेको अन्य विवरण समेत उल्लेख गर्नेछ ।

**३७. हरियाली प्रवर्द्धन तथा वातावरणीय सररफाइ सम्बन्धी व्यवस्था**

(१) नगरवासीहरूलाई आफ्नो घर आँगनमा सजाउने फुलविरुवाहरू रोप्न प्रोत्साहन गराउने

(२) घर परिसरमा कम्तीमा दुइ वटा बहुवर्षीय रुख रोप्न प्रोत्साहन गराउने र जग्गा नभइ छतमा ससाना बहुवर्षीय रुख रोप्न प्रोत्साहन गराउने

(३) टोलविकास समितिको सकियतामा सबैले आ आफ्नो घर अगाडि बाहिरैबाट देखिने गरी गमलामा विभिन्न जातको फुलविरुवा रोप्न लगाउने

(४) टोलका सडक फुटपाथ तथा खुला स्थानमा नगरपालिकाले तोकिदिए बमोजिमका प्रजाति र परिमाणका रुखहरूतथा बहुवर्षीय फुलको विरुवा लगाइ हरियाली प्रवर्द्धन गराउने

(५) सडकको दायाँबायाँ फुटपाथमा टोल वस्तीलाई परिचालित गरी उपयुक्त प्रजातिका बोटविरुवा लगाउने

(६) सार्वजनिक बाँझो जग्गा तथा खोलानालाहरूको किनारमा वृक्षारोपण गरी संरक्षण गर्ने

(७) नगरक्षेत्र भित्र सहरी वन स्थापना गरी सँरक्षण गर्ने

(८) नगरपालिका भरिनै वातावरण सँरक्षण सम्बन्धी जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने

(९) अबको ५ वर्ष भित्रमा हरीयाली भुभाग दोब्बर बनाउने लक्ष्यका साथ कार्य प्रारम्भ गर्ने ।

**३८. पुरस्कार दिन सकिने**

(१) फोहरमैला व्यवस्थापनका लागिनवीनतम अवधारणाहरूको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

(२) यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई नगरपालिकाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ ।

**३९. नियम तथा मापदण्ड जारी गर्न सक्ने**

(१) यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम तथा मापदण्ड बनाई लाग" गर्न सक्नेछ ।

**४०. प्रचलित कानून बमोजिम हुने**

फोहरमैला व्यवस्थापन सम्बन्धी विषयमा यस कार्यविधिमा उल्लेख भएका कुर हरूमा यसै बमोजिम र अन्य कुराहरूमा प्रचलित कानून बमोजिम हुनेछ ।



## फोहोरमैला व्यवस्थापन तथा वातावरण मैत्री नगरपालिकाको लागि नागरिक आचारसंहिता - २०७५

बूढानिलकण्ठ नगरपालिकाको क्षेत्रलाई सफा स्वच्छ, सुन्दर, अनुशासित वातावरण मैत्री सभ्य र सु-संस्कृत नगर निर्माण गर्ने नेपालको संविधान तथा स्थानीय तह संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि आम नगरवासीहरूलाई आफ्नो नगरको वातावरण र फोहोरमैला व्यवस्थापनमा जिम्मेवार, उत्तरदायी, जवाफदेही बनाउन नगरमा रहेका सम्पुर्ण सम्बद्ध पक्षहरूको लागि अनिवार्य पालना गर्न "फोहोरमैला व्यवस्थापन तथा वातावरण मैत्री नागरिक आचारसंहिता-२०७५" जारी गरिएको छ। बूढानिलकण्ठ न.पा का नगरबासीहरूले सफा, स्वच्छ, वातावरण मैत्री नगरपालिका निर्माणका लागि जारी गरिएको नगर आचारसंहिता:

**१. व्यक्तिगत परिवारहरूको सम्बन्धमा**

१) प्रत्येक नगरबासीहरूले आफ्नो घर कम्पाउण्डबाट निस्कने जैविक र अजैविक छुट्टा-छुट्टै आफै व्यवस्थापन गर्ने वा फोहोर संकलन संस्थालाई उपलब्ध गराउनु पर्दछ ।

२) आफ्नो घर कम्पाउण्डको अगाडि पछाडि अवस्था हेरेर ५९१० मिटर वरपर फोहोरमैला, दुर्गन्ध, धुलो, धुवाँ, ढल, झारपात, झाडी वातावरण तथा सामाजिक प्रदुषण बारे जिम्मेवार, जवाफदेही, सहयोगी, उत्तरदायि भावना सहित सहजिकरण गरी वातावरणमैत्री छिमेक टोल बनाउन लाग्नु नगरबासीको कर्तव्य हुनेछ ।

३) आफ्नो टोल छिमेकले आचार संहिता पालना नगरि फोहोर प्रदुषण गरेको पाइएमा सचेत गराई आचारसंहिता पालना गर्न प्रेरित गराउनु नगरबासीहरू व्यक्तिगत वा पारिवारिक रुपमा कर्तव्य हुनेछ ।

४) आफ्नो कर्तव्य पुरा गर्दागर्दै छिमेकिको कारण टोल सरसफाईमा वाधा पुगेको अवस्था देखिएमा नजिकको टोल समितिमा राखि व्यवस्थापनको प्रयास गर्ने ।

५) आफ्नो घरको रुख, विरुवा लहराको कारण टोल र छिमेकमा असर नपुर्याउने ।

६) प्रत्येक घरले आफ्नो घर कम्पाउण्डको आकार क्षेत्रफल अनुसार कम्तिमा २ रुख साथै हरियाली निर्माणमा योगदान गर्ने ।

७) आफ्नो घरको पानी,ढल निकासा सडकमा खुल्ला छोड्न पाइने छैन । यदि घरको ढल पानिको कारण सडक नोक्सान भएमा तुरुन्त निर्माण गर्ने ।

८) आफ्नो घर अगाडि खाल्डा खुल्डी भई आवत जावतमा समस्या भएमा

आफ्नो तर्फबाट समाधान गर्ने, छिमेकिको समेत सहयोग लिने, सम्भव नभए वडा समितिमा जानकारी गराई यथासक्य समाधानको लागि प्रयत्न गर्ने ।

९) घरको फोहोर जैविक, अजैविक छुट्टाछुट्टै संकलकले देख्ने गरि राख्ने व्यवस्था मिलाउने ।

१०) आफ्नो कारणबाट नगरको सरसफाई वातावरण र सुन्दरतामा सहयोग पुराउने काम गर्नु प्रत्येक नगरबासीहरूको व्यक्तिगत तथा पारिवारिक कर्तव्य हुनेछ ।

११) खुल्ला दिशा मुक्त क्षेत्र घोषणा भएको अवस्थामा घरबाहिर सार्बजानिक ठाउँमा कुकुरलाई दिशा पिसाब गराउने कार्य सामाजिक अपराध मानि निषेध गर्नु पर्ने ।

## परिच्छेद २

## व्यापार, व्यवसाय, पसल, डिपो, होटल संचालन व्यवसायिहरूले पालना गर्नुपर्ने आचारसंहिता

१) बूढानिलकण्ठ न.पा भित्र आर्थिक कारोबार गर्ने प्रत्येक व्यक्ति वा संस्थाले नगरपालिकामा संचालन गर्ने आर्थिक कारोबार व्यवसाय सम्बन्धित वडाबाट नियमानुसार दर्ता गरि स्विकृत अनुमति नलिई गर्न पाइने छैन ।

२) नगरपालिका भित्र व्यापार व्यवसायजन्य आर्थिक कारोबार गरिरहेका व्यक्ती वा संस्थाहरूले यो आचारसंहिता जारी भएको ३ महिना भित्र अनिवार्य दर्ता गरि अनुमति लिनुपर्नेछ ।

३) नगरपालिका भित्र व्यापार व्यावासाय गर्ने व्यक्ति वा संस्थाले आफ्नो घर पसल, व्यवसायको तोकिएको क्षेत्र भित्रको फोहोरमैला सरसफाईको जवाफदेहिता पालना गर्नुपर्नेछ ।

४) आफनो व्यापार व्यवसायबाट निस्कने फोहोर व्यवस्थापन गर्ने जिम्मा सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ।

५) प्रत्येक घर पसल व्यवसाय कारोबार गर्ने व्यक्ति वा संस्थाको शौचालय, डस्टबिन अनिवार्य हुनुपर्नेछ ।



६) आफ्नो व्यवसाय र कारोबार बुझाउने संकेत बोर्ड, ब्यानर, साइनबोर्ड तोकिएको साइजमा मात्र आफ्नो व्यवसाय क्षेत्रमा राख्नुपर्नेछ ।

७) आफ्नो व्यवसाय वा संस्थाबाट निस्कने फोहोर एक ठाउँमा जम्मा गरी बेग्ला बेग्लै आफै व्यवस्थापन वा संकलकलाई बुझाउनु पर्दछ ।

८) आफ्नो व्यवसायबाट प्राप्त फोहोरबाट गन्ध आउने, नगरको सौन्दर्यमा आँच पुराउने काम कसैले गर्ने छैन ।

९) प्रत्येक व्यवसायी र कारोबारीले आफ्नो व्यवसाय दर्ता अनुमति पत्र देखिने गरि राख्नु पर्नेछ ।

१०) प्रत्येक व्यवसायी, व्यक्ति वा संस्थाले नगरमा व्यवसाय कारोबार गरेबापत नगरले तोकेको शुल्क आर्थिक वर्ष भित्र अनिवार्य बुझाउनु कर्तव्य हुनेछ ।

११) तोकिएको समयभित्र तोकिएको शुल्क बुझाउनु प्रत्येक व्यक्ति वा व्यवसायी संस्थाको दायित्व पालना गर्नुपर्नेछ ।

१२) नगरभित्र चिया पसल, खाजा दोकान, मिठाई पसल संचालन गर्न १५० वर्ग फिट भन्दा कमको क्षेत्रफलको कोठा लिन पाइने छैन ।

१३) चिया, खाजा, होटल, व्यवसाय संचालन अनुमति लिनुपुर्व ढल, धारा, शौचालय व्यवस्था भए नभएको ध्यान पुर्याउनु र चार सँधियारको अनुमति विना अनुमति स्विकृति दिइने छैन ।

१४) मदिराजन्य पदार्थ बिक्री गर्ने अनुमति सहित होटल चलाउन सोको अनुसारको अनुमति नलिई जथाभावी मदिराजन्य होटल चलाउन पाइने छैन। विशेष क्षेत्र, इलाका र आवश्यकता अनुसार वडा समितिले अध्यन अनुगमन गरेर मात्र स्विकृत दिनेछ ।

१५) स्विकृति नलिई संचालन भएका आर्थिक कारोबार गर्ने कुनै पनि व्यापार व्यवसायलाई ७ दिनको म्याद दिई नियमित गर्न लगाउने र नगरे तत्काल बन्द गर्न सकिनेछ ।

१६) नगर भित्र रहेका कुनै पनि व्यापार व्यवसायहरूले आफ्नो व्यवसायको कारण सडक, वातावरण, समुदायमा असर पुराउने कार्य गरेको पाइएमा तत्काल जरिवाना गरि, व्यापार सुधार्न मौका दिइनेछ, सुधार नभएको पाइएमा पसल बन्द गर्न सक्ने छ ।

## परिच्छेद-३

## सम्पुर्ण विद्यालय, शिक्षालय, पाठशाला प्रवचन स्थल, व्यायाशाला, सामुदायिक भवन, धार्मिक संघ संस्थाहरूको लागि आचार संहिता

१) यस नगरपालिकामा संचालित सबै खालका विद्यालयहरूले आफ्नो विद्यालय क्षेत्र यकिन गरि सबैले जानकारी पाउने गरि सुचना बोर्ड राख्नु पर्दछ।

२) हरेक विद्यालयहरूले आफ्नो विद्यालय परिसर (कम्पाउण्ड भित्र)बाट तोकिएको विद्यालय हाल (क्षेत्र) ठाउँ हेरेर कम्तिमा १५ मिटर क्षेत्र भित्र वातावरण सफा कायम राख्नु पर्ने अनिवार्य दायित्व हुनेछ।

३) आफ्नो विद्यालय क्षेत्रसँग जोडिएका अन्य घरधनिहरू, व्यापारीक संस्थाहरूलाई समेत आफ्नो क्षेत्रको स्वच्छ, स्वस्थ वातावरण र सरसफाई सम्बन्धी नियम बनाई पालना गराउनु विद्यालयको दायित्व हुनेछ।

४) विद्यालय क्षेत्रमा आवश्यकतानुसार डस्टविनको व्यवस्था विद्यालय र हाताभित्रका अन्य उपभोक्ताहरूले अनिवार्य व्यवस्था गर्नुपर्नेछ।

५) डस्टबिनमा कुनै गन्ध आउने, कुहिने सड्ने वस्तु जम्मा गरेर गन्ध आउने अवस्था बनाउन पाइने छैन।

६) फोहोरको दिर्घकालिन व्यवस्था नहुन्जेल प्रत्येक विद्यालय र संस्थाहरूले अनिवार्य फोहोर संकलक संस्थाको सदस्य बनेर जिम्मा लगाउनु पर्नेछ।

७) विद्यालय क्षेत्र भित्र हरेक दिन सरसफाई अनुगमन निरिक्षणको दायित्व विद्यालय प्रशासनको हुनेछ।

८) फोहोरहरू सड्ने गल्ने कम्पोस्ट मल बन्न सक्ने खालका वेग्लै डस्टविन खडा गरि सम्भव भए विद्यालय परिसरमा नै नमुना व्यवस्था गर्नु र फोहोर व्यवस्थापनको सिकाई केन्द्रको रुपमा प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

९) विद्यालय बाहेकका अन्य संघ संस्था, मठ मन्दिरहरूले आफ्नि संस्था र वरपर १५ मिटर क्षेत्र तोकी फोहोर व्यवस्थापन गर्नुपर्नेछ।

१०) प्रत्येक विद्यालयहरूले फोहोर, यसको व्यवस्थापन, हाम्रो दायित्व, महत्वको बारेमा हरेक विधार्थीहरूलाई सचेत, अनुशासित, कर्तव्यबोध गराउनु बिधालय प्रशासनको प्रमुख दायित्व हुनेछ।

११) वडा कार्यालयको समन्वयमा हरेक विद्यालय संघ संस्था, समुहहरूले हरेक ४ महिनामा १ पटक सरसफाई बिशेष अभियानको योजना र कार्यक्रम संचालन गरि



"सरसफाई शिक्षा हो, सभ्यता हो, जीवन शैली र कर्तव्य हो" को प्रचार प्रसार गर्नुपर्नेछ।

१२) हरेक विद्यालयहरूले आफ्नो विद्यालय क्षेत्रमा सबैले देख्ने गरि विद्यालय क्षेत्र सरसफाई सम्बन्धी पालना गर्ने नियमको देखिने बुझिने गरी सार्बजनिक सुचना बोर्ड राख्नु पर्नेछ।

१३) कुनै क्लब, सामाजिक संस्था धार्मिक स्थल गुठी, मठ मन्दिर, विद्यालयहरूको तोकिएको १५ मिटर क्षेत्र भित्र सरसफाई आचार संहिता पालना गर्नु कर्तव्य हुनेछ।

## परिच्छेद-४

## उधोग, कलकारखाना, होटल, रेस्टुरा, पार्टी प्यालेस, होस्टेल, आश्रम, ब्यारेक, प्रहरी कार्यालय, आवासिय प्रतिष्ठानहरूको लागि आचारसंहिता

१) नगरपालिकामा दर्ता भई संचालन भएका उधोग व्यवसाय कल कारखानाहरूले आफ्नो प्रतिष्ठानबाट निष्कासन हुने फोहोर वस्तु, फोहोरजन्य पदार्थ, पलास्टिकजन्य फोहोर, गन्धयुक्त ग्यास, फोहोर, दिसापिसाब जन्य फोहोर, ध्वनिजन्य प्रदुषणको व्यवस्थापनको पुर्ण जिम्मेवारी लिनु पर्नेछ।

२) आफ्नो प्रतिष्ठानबाट हुन सक्ने प्रदुषणबाट छिमेकी समुदायहरूलाई असर पुराउने सबै कार्य गर्न पाइने छैन, निषेधित छ। निषेध गरिएको कार्यबाट समुदाय, व्यक्ति, संस्थाहरूले उजुरी, सुचना गरेमा प्रथम पटक सचेतना सहित पत्र लेखिनेछ। दोस्रो पटक जरिवाना गरिनेछ। तेस्रो पटक दोब्बर जरिवाना गरिने छ। सुधार नभए कारबाही गरि प्रतिष्ठान बन्द समेत गर्न सकिने छ।

३) कुनै होटल रेष्टुराँ आवासिय भवनमा खाध्यजन्य फोहोर, अखाध्य फोहोर बेग्ला बेग्लै व्यवस्थापन गर्ने व्यवस्था हुनुपर्नेछ। दुर्गन्ध फोहोर अदृश्य तवरबाट व्यवस्थापन गर्नुपर्दछ। शौचालयको व्यवस्था, प्रयाप्त सफा सुग्घर कायम गर्नुपर्दछ।

४) होटल, रेष्टुराँमा प्रयोग हुने पानी सब्जी, माछा मासु, खाध्य पदार्थ गुणस्तर ताजा स्वास्थ्यबर्द्धक हुनु अनिवार्य शर्तमा हरेक दिन पालना गरेको हुनु पर्दछ।

५) हरेक होटल, रेष्टुराँ, पार्टी प्यालेसमा भान्छा कक्ष र मेस कक्षमा बुझिने, सरल भाषामा सन्देश मुलक वाक्यहरू सहितको सुचना लेखेर राख्नु पर्नेछ। नगरपालिकाबाट अनुगमन गरेको बखत संहिता पालना नगरेको पाइएमा कार्यवाही गर्न सकिने छ।

६) हरेक होटल, रेष्टुराँ, पार्टी प्यालेस, आवासिय भवनको हाता भन्दा २० मिटर वरपरको क्षेत्रमा गन्धरहित, किटाणुरहित, प्लास्टिक रहित धुलो धुवाँ रहित बनाउन वरपर साँध सँधियार समेतलाई सहभागी गराई वातावरण मैत्री क्षेत्र कायम गर्नु प्रतिष्ठानको मुख्य दायित्व र जवाफदेहिता हुनेछ ।

७) कुनै व्यक्ति उधोग, होटल, रेष्टुराँ, सामुहिक आवासिय प्रतिष्ठान, पार्टी प्यालेसको क्षेत्र भित्र झारपात, झाडी, वोटविरुवा कवाडीजन्य वस्तुहरू अलपत्र देखिने गरि प्रतिष्ठानको शोभा र मर्यादालाई कमजोर पार्ने कुरालाई व्यवास्थापन गर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ ।

८) सामुहिक भोजन, आवाश, मेल सम्मेलन क्षेत्रमा पर्याप्त शौचालय र शौचालयजन्य ठोस तथा लेदोजन्य फोहोरको उचित व्यवस्था गर्नु सम्बन्धित संस्थाको अनिवार्य दायित्व पुरा गर्नु पर्नेछ ।

९) माथि उल्लेख गरिएका प्रकारका उधोग, व्यावसाय प्रतिष्ठान संचालन गर्ने योजना बनाउनु पुर्व स्थानीय स्थलगत सरजमिन र वातावरणिय मुल्याङकन सहित शिवकृती लिएर मात्र गर्नु पहिलो कर्तव्य हुनेछ ।

## परिच्छेद-५

## निर्माण सामाग्री हार्डवेयर (वालुवा, ढुङ्गा, गिटी, इट्टा, सिमेन्ट, डण्डी आदि) व्यवसायीहरूले पालना गर्नुपर्ने आचारसंहिता

१) बूढानिलकण्ठ नगरपालिका भित्र सम्बन्धित वडाबाट स्विकृति प्रमाणपत्र नलिई व्यवसाय कारोवार संचालन गर्न पाइने छैन ।

२) नगरपालिकाले तोकेको ठाउँहरूमा मात्र व्यवसाय संचालन स्विकृत लिने र दिने गर्नु पर्नेछ ।

३) निर्माण सामाग्री मध्य धुलोजन्य सामाग्री जस्तै वालुवा, ढुङ्गा, गिटी, माटो, सिमेन्टको भण्डारण गर्ने र बिक्री गर्ने ठाउँको चयन गर्दा चार किल्ला सरजमिन र भाडा सम्झौता पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

४) धुलोजन्य सामाग्रीको गोदामको वरपर छेकिने बार घेरी(गेट वाहक) लगाई खुल्ला नदेखिने र धुलो,फोहोर बाहिर नआउने गरि डिपो संचालन गर्नुपर्नेछ ।

५) नगरपालिका र वडा कार्यालयहरूले तोकेको ठाउँ क्षेत्रहरूमा मात्र डिपो संचालन स्विकृति दिइने छ ।



६) ट्रक, ट्रिपर प्रवेश गर्न निषेध गरेको ठाउँमा डिपो संचालन गर्न पाइने छैन ।

७) डिपो संचालकले आफ्नो सेवा र कारोवारको जानकारी दिने ४x६ को सुचना बोर्ड एउटा मात्र राख्न पाउने छ । एक भन्दा बढी आवश्यक परेमा प्रति वर्ग फिट रु २००४( शुल्क तिरी अनुमति लिएर थप एक बोर्ड १ वर्षलाई राख्न पाइने छ ।

८) डिपो संचालकहरूले सामाग्री ओसार पसार गर्दा डिपो वरपर २० मिटर सम्मको फोहोर धुलो सफा गर्ने दायित्व पुरा गर्नुपर्नेछ ।

९) कच्ची,साँघुरो र कमजोर सडक भएका वस्ती क्षेत्रमा निर्माण सामाग्री डिपो संचालन अनुमति लिनु दिनु हुँदैन ।

१०) डिपो संचालकको कारणबाट फोहोर प्रदुषण, धुलो र सडक क्षती भएको भए डिपो जवाफदेही हुनुपर्नेछ ।

११) बाँसबारी देखि बूढानिलकण्ठ सडकको दाँयाबाँया संचालित डिपोमा रहेको धुलोजन्य निर्माण सामाग्री सडक नदेखिने गरि बन्द गरी गेटको अनिवार्य व्यवस्था गर्नु पर्दछ । बार, कम्पाउण्डमा हरियो रङ्ग लगाइएको हुनुपर्दछ ।

१२) मुल सडकमा कवाडी स्टोर राख्नन अनिवार्य स्विकृति दर्ता प्रमाण हुनुपर्नेछ । मुल सडकबाट कुनै कवाडी गोदामको सामाग्री नदेखिने गरी हरियो रङको बार पर्खालले घेर्नु पर्दछ ।

## परिच्छेद-६

## सडक, फुटपाथ र सार्वजनिक स्थलमा व्यापार, व्यवसाय पसल कारोवार गर्नेहरूको लागि आचारसंहिता

१) नगरपालिका भित्र वडाको योजनामा नगरले तोकेको ठाउँ बाहेक पसल, व्यवसाय,व्यापार गर्न पाइने छैन ।

२) नगरपालिका भित्र आर्थिक कारोबार हुने निश्चित प्रकृतिको तोकिएको परिमाण भित्रको व्यापार,व्यवसाय,पसल,घुम्ती पसल गर्न अनुमति पाउँ भनि तोकिएको ढाँचामा निवेदन दिई अनुमति प्रमाण पत्र नलिई कारोबार गर्नु गैरकानुनी हुन्छ ।

३) नगरपालिकाले तोकेको समय भित्र नगरपालिका भित्रका सबै कारोबारी व्यवसायीहरूले अनिवार्य तोकिएको शुल्क तिरि, तोकिएको प्रकृतिको व्यवसाय, तोकिएको समय सिमा भित्र तोकिएको ठाउँमा मात्र गर्न पाइने छ ।

४) सार्वजनिक स्थलमा आर्थिक कारोबार व्यवसाय गर्न मासिकरवार्षिक तोकिएको शुल्क अनिवार्य नगरपालिकालाई बुजाउनु व्यवसायीहरूको कर्तव्य हुनेछ ।समय सिमा भित्र तोकिएको शुल्क नतिरी कारोबार गरेको पाइएमा दोब्बर दस्तुर जरिवाना सहित कारोबार गर्न रोक लगाउन सकिने छ ।

५) कारोबारी व्यवसायीहरूको लागि नगरपालिकाले तयार पारेको परिचय पत्र अनिवार्य देखिने गरि लगाएर तोकिएको नियमानुसार कारोबार संचालन गर्नुपर्दछ।

६) नगरपालिकाले रोक लगाएको ठाउँमा व्यापार व्यवसाय गर्न पाइने छैन ।

७) व्यवसाय गर्ने व्यक्तिले व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो व्यवसायबाट हुने फोहोर व्यवस्थापनको जिम्मा लिनु पर्नेछ ।

८) घुम्ती टोलहरूमा व्यवसाय गर्नेहरूले आफ्नो फोहोर व्यवस्थापनको जिम्मा आफै ले लिनु पर्नेछ ।

९) बढी भिड हुने सागुरो ठाउँहरूमा घुम्ती व्यवसायीहरूले असुविधा पुराउने कार्य गर्न पाउने छैन ।

१०) व्यवसायीहरूले आफुले सेवा पुराउने, बिक्री गर्ने चिज वस्तुहरू स्वस्थ, गुणस्तर,प्रयोग गर्न योग्य मापदण्ड भएको,ताजा वस्तु मात्र बिक्री गर्नु पर्दछ । बैठक वस्तु बिक्री व्यवसायमा प्रयोग भएको पाइए कार्यवाही गरिने छ ।

## परिच्छेद–७

## निजि, सार्वजनिक सवारी साधन प्रयोग गर्ने व्यवसायी चालक तथा सवारी प्रयोग गर्ने सेवाग्राहीहरूले पालना गर्नुपर्ने आचारसंहिता

१) सडकमा कुद्ने सार्वजनिक भाडाका सवारी साधन बस, ट्याक्सी, अन्य सवारी प्रयोग गर्ने passenger हरूले आफ्नो तर्फबाट निस्कने फोहोर तोकिएको ठाउँमा बाहेक बाहिर खुल्ला ठाउँमा राख्नन वा फ्याक्न पाइने छैन ।

२) सार्वजनिक सवारी साधनहरू प्रयोग गर्दाका बखत उबककभलनभचहरूबाट निस्कने फोहोर सवारी सादनभित्र नै राख्नन सक्ने व्यवस्था सवारी साधन व्यवस्थापकले गर्नु पर्दछ ।

३) सवारी साधन चलिरहेको अवस्थामा ढोका वा झ्यालबाट वाहिर फोहोर फ्याक्ने वा थुक्ने,वान्ता गर्ने कुरा सार्वजनिक अपराध सरह मानिनेछ ।

४) सवारी साधनमा प्रयोगकर्ता हरूलाई हुन सक्ने थुक, खकार, वान्ता जस्ता फोहोर



निस्काशन प्रक्रिया व्यवास्थापन गर्न आवश्यक थुकदानी, झोला र डस्टबिनको व्यवस्था राख्ननु पर्दछ ।

५) सार्वजनिक ठाउँमा असुबिधा हुने फोहोर,हिलो हुने गरि सवारी साधन सफा गर्ने,धुने,बैठिक ठाउँमा पार्किङ गर्ने, ठुलो ठाउँमा अनावश्यक हर्न बजाउने गर्न पाइने छैन ।

६) नगर भित्र नगरपालिकाले तोकेको ठाउँमा बाहेक अन्यत्र सडकमा तोकेको समय बाहेक पार्किङ गर्न हुदैन ।

७) सवारी साधन प्रयोग गर्ने यात्रुहरूले नियामानुसार तोकेको भाडा तिर्नु कर्तव्य हुनेछ । सहुलियत कार्ड हुनेले नियामानुसार छुट लिनु रदिनु पर्दछ ।

८) ठुलो र कडा आवाज भएका सवारी साधानहरूले ध्वनि प्रदुषण हुने भएकोले सुस्त गति र आवाज गरि सबारी साधन चलाउनु पर्दछ ।

९) शारिरिक रुपमा कमजोर दुर्वल भएका अपाङ्ग यात्रुहरूलाई सहयोग र सदभाव पूर्वक सबारी साधन प्रयोग गर्न सक्ने व्यवस्था मिलाउनु पर्दछ ।

१०) सवारी साधन संचालक, प्रयोगकर्ता, कर्मचारी, चालक, सहयोगी तथा बटुवा समेतले ट्राफिक नियमको पुर्ण पालना गर्नु पर्दछ ।

११) सवारी संचालक र प्रयोग कर्ताहरूले आफ्नो सवारी साधनबाट सार्वजनिक स्थलमा फोहोर प्रदुषण नहुन, नफ्याक्न आवश्यक व्यवस्थापन गर्नु सवारी सवारी साधन धनी वा व्यवस्थापकको मुख्य जिम्मेवारी लिनु उसको कर्तव्य मानिनेछ ।

१२) परिच्छेद-७ को दफा १९१० सम्मका आचारसंहिता पालना नगरिएको ठहर भएमा सम्बन्धित पक्षलाई जिम्मेवार ठहरयाई आवश्यक तोकिएको ढण्ड जरिवाना गर्न सकिने छ ।

## परिच्छेद–८

## खोलानाला, पार्क, मन्दिर, जंगल, सार्वजनिक स्थल छेउछाउ बसोवास गर्ने वासिन्दा तथा नागरिकहरूले पालना गर्नुपर्ने आचारसंहिता

१) नदी, खोला, खहरे, कुलो, पानी मुहान छेउ वरपर बसोबास गर्ने समुदायका निजि घरधनी, व्यापारिक, व्यवसायीहरू संघ संस्थाहरूसंग सम्बन्धित मानिसहरूले आफ्नो छेउको पानी बग्ने क्षेत्रहरूको सरसफाई, संरक्षण गर्ने त्यसको तोकिएको अधिकार क्षेत्रको संरक्षणमा सहयोग पुराउनु दायित्व र कर्तव्य हुनेछ ।

२) तोकिएको सार्वजनिक अधिकार क्षेत्रमा फोहोर फ्याक्नु, थुपार्नु र अरुले फोहोर गरेको कुरा विरोध नगरि समर्थन गर्नु सरसफाई र संरक्षण गर्न पहल नगर्नु त्यस क्षेत्रमा बसोबास गर्नेहरूको जिम्मेवारी पालना नगरेको ठहरिने छ ।

३) खोला,नदी र सार्वजनिक ठाउँमा फोहोर फ्याक्नु सार्वजनिक अपराध सरह मानिने भएकोले कसैले त्यसनो अपराध गर्ने छैन ।

४) नदि खोलामा फोहोर फ्याकेको देखिए प्रमाण सहित उजुरी गरेमा र प्रमाणित भएमा दण्ड जरिवाना,अपराध सार्वजनिकरण र मुद्धा समेत चलाउन सकिने छ ।

५) कुनै व्यक्ति वा संस्थाहरूको आवास र संस्था छेउको सार्वजनिक स्थल वा नदी, कुलो, खोलामा फोहोर गरेको पाइएमा निजले नै जवाफदेही हुनु पर्नेछ । तसर्थ आफ्नो छेउको क्षेत्रको सरसफाइमा विशेष निगरानी सहित जवाफदेहिता बहन गर्नु साधँसाधियारको दायित्व हुनेछ ।

६) खुल्ला सार्वजनिक क्षेत्रमा दिशा पिसाब जन्य फोहोर गर्नु प्रतिबन्द छ ।

७) तोकिएको ठाउँमा बाहेक नगरपालिका, वडामा दर्ता गरि स्विकृति लिएर बाहेक कुखुरा, वङगुर, गाई, घोडा पालन गरि सार्वजनिक रुपमा फोहोर निस्काशन गरि प्रदुषण गर्न पाइने छैन ।

८) कुनै घर टोलको छेउ रहेका वातावरण प्रदुषण गर्ने फोहोर,फ्त्राडी तथा खराब वस्तुहरू भए त्यसको व्यवस्थापनमा पहल गर्नु समेत वरपर बसोबास गर्ने समुदायहरूको कर्तव्य हुनेछ ।

९) स्थानीय रुपमा नदी, खोला, सार्वजनिक स्थलको संरक्षण, सरसफाई, प्रदुषण हटाउने र हरियाली कायम गरि स्वच्छ वातावरण मैत्री बनाउन स्थाननिय व्यक्तिहरूलाई उत्प्रेरित सहजिकरण र सहयोग पुर्याउन न.पा. वडा समिति को कर्तव्य हुनेछ ।

१०) व्यक्तिगत संस्थागत सामुदायिक रुपले व्यवस्थापन गरि दिशा जन्य फोहोर नदी खोलामा ढल हाल्ने कार्य सार्वजनिक अपराध हो ।

११) यस आचारसंहिता लागु हुनुभन्दा अघि परम्परागत रुपमा सेफ्टी ढल समेत खोलामा पठाउने व्यवस्था भैसकेको अवस्थामा क्रमश हटाउदै जाने र सार्वजानिक ढल उपचार विधि पछि मात्र खोलामा पठाउने व्यवस्था गर्नुपर्दछ ।



परिच्छेद-९

## बूढानिलकण्ठ नगरबासी वा अन्य पैदल यात्र सर्वसाधारण नागरिकले पालना गर्नुपर्ने अचार संहिता

१) नगरपालिका भित्र वा अन्यत्र बसोबास गर्ने सबै नागरिक हरूले घर बाहिर रहंदा, पैदलयात्रा, भ्रमण, आवतजावत गर्दा, बाटोमा बटुवाको रुपमा प्रयोग रहंदा नगरले जारी गरेको बटुवा सम्बन्धि आचार संहिता पालना गर्नु सम्पूर्ण नागरिकहरूको कर्तव्य हुनेछ ।

२) नगर भित्र यात्रा गर्ने बिविध यात्रु (बटुवा) हरूले निषेधित क्षेत्रमा दिशा पिसाब गर्नु सार्वजानिक अपराध हुनेछ। तोकिएको ठाउंमा मात्र दिशापिसाब गर्नु पर्दछ ।

३) यात्रा गर्दा प्रयोग गरेको कुनै फोहोर जन्य पदार्थ नजिक रहेको फोहोर डस्टबिन भए सो मा र नभए आफ्नो फोहोर आफै बोकेर उचित ठाउंमा मात्र राख्नु यात्रुको कर्तव्य हुनेछ ।

४) बाटो वा सार्वजानिक ठाउंमा प्लाष्टिक जन्य वा अन्य अस्वाभावजन्य फोहोर देखेमा टिपेर नजिकको डस्टबिन मा राख्नु नगर यात्रु (बटुवा) हरूको दायित्व हुनेछ । फोहोर देखेर पनि वेवास्ता गरेको पाइएमा गैर जिम्मेवार यात्रु ठहरिनेछ ।

५) सामान्यतया नगरभित्र बिभिन्न समय र परिस्थितिमा बाटोमा यात्रा गर्दा आइपर्ने परिस्थितिजन्य बिपद, घटना अप्ठ्यारामा परेको देखिएको जिम्मेवार भएर सकेको मद्दत, सहयोग, सहजीकरण, सूचनाद्वारा मानवीय सहयोग पुर्याउने प्रयास गर्नु मानविय कर्तव्य हुनेछ । परिस्थिति जन्य समस्यामा गैरजिम्मेवार भई वेवास्ता र स्वार्थी व्यवहार गर्ने नागरिकहरूको पहिचान भएमा निजलाई सार्वजानिक आलोचना गर्नु सबैको दायित्व हुनेछ ।

६) नगर यात्रु (बटुवा) हरूले सार्वजानिक स्थल जस्तै सडक, बाटो, बिद्यालय, मठ मन्दिर, कार्यालय, पार्क तथा सफा रहनु पर्ने ठाउंमा प्रदुषणयुक्त प्लाष्टिक जन्य फोहोर बस्तुहरू देखेमा टिपेर उपयुक्त ठाउंमा राख्नु अनिवार्य शर्त मानि पालना गर्नु गराउनु सबैको कर्तव्य हुनेछ ।

७) नगर भित्र यात्राको क्रममा कोहि कसैले फोहोर गरिरेको, आचारसहिता बिपरित प्रदुषण युक्त काम भएको, सार्बजानिक सम्पति नोक्सान हुने, पुग्ने कार्य गरि रहेको, सराबजानिक असुबिधा पुर्याइरहेको देखिएमा सम्झाउनु, सचेत गराउनु,दायित्व बोध गराउनु र अटेर गरेको अवस्थामा सम्बन्धित ठाउं मा उजुरी सुचना समेत गराउनु प्रत्येक नागरिक हरूको कर्तव्य हुनेछ ।

८) नागरिकहरूले, नगर यात्रुहरूले सार्बजानिक स्थलहरूमा फोहोर प्रदुषणयुक्त कार्य गरिरहेको सचेत गराउदा पनि अटेर गरेको अवस्था भएमा देख्ने जो कोही नागरिकहरूले फोटो खिचि नगरपालिकाको site मा उयकत गरी जानकारी गराउन सकिनेछ ।

९) सार्बजानिक स्थलमा यात्रा गर्ने नागरिक यात्रुहरूले तोकिएको र सुरक्षित ठाउंमा बाहेक जथाभावी थुक्ने, खकार गर्ने कार्य सार्वजानिक अपराध सरह मानि त्यस्तो कार्य गराउने कार्यमा रोक्ने र सचेत गराउनु पर्नेछ ।

१०) नगरवासीहरूले बजार जादा किनमेल गर्दा बातावरण मैत्री झोला प्रयोग गर्ने वानी वसाल्न अभियानमा सघाउ पुर्याउनु पर्दछ ।

११) प्रत्येक नगरवासिहरूको स्वच्छ, सफा, सन्दर, बातावरण मैत्री नगरपालिका निर्माणमा सरिक हुनु र नगरपालिकाको वाताबरणीय योजनामा सहयोग पुर्याउनु र नगरले जारी गरेको बातावरणीय सुदार अभियानमा सक्रिय सहभागी हुनु उसको कर्तव्य हुनेछ ।

आज्ञाले,
प्रदिप पौडेल
प्रमुख प्रशासकिय अधिकृत

प्रमाणीकरण मितिः २०७५/०३/२५

प्रकाशक: बूढानीलकण्ठ नगरपालिका
गोल्फुटार, काठमाडौं
३ नं. प्रदेश
फोन नं.: ०१-४३७२७२५
ई-मेल: info@budhanilkanthamun.gov
वेवसाइट: www.budhanilkanthamun.gov
मूल्य: रू. १००/-